बैठक नं १८

आज मिति २०७४/११/२२ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक वसियो ।

समय : बिहान ७:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | " | |
| ५ | लाल प्रसाद वस्याल | " | |
| ६ | टंक प्रसाद पराजुली | " | |
| ७ | तेज बहादुर सुनार | " | |
| ८ | जगदिश चन्द्र आचार्य | " | |
| ९ | कमल प्रताप थापा | " | |
| १० | भिम बहादुर श्रेष्ठ | " | |
| ११ | बिष्णु बहादुर थापा | " | |
| १२ | पदम बहादुर थापा | " | |
| १३ | रामचन्द्र क्षेत्री | " | |
| १४ | दुर्गा प्रसाद सुवेदी | " | |
| १५ | नारायण प्रसाद पुन | " | |
| १६ | दधिराम न्यौपाने | " | |
| १७ | डम्मर बहादुर भण्डारी | " | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १८ | राम प्रसाद रेग्मी | ,, | |
| १९ | सन्त बहादुर राना | ,, | |
| २० | हुमनाथ आचार्य | ,, | |
| २१ | हिम बहादुर खत्री | ,, | |
| २२ | डिल प्रसाद नेपाली | ,, | |
| २३ | रन्जित शेरचन | ,, | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | ,, | |
| २५ | बिमला श्रेष्ठ | ,, | |
| २६ | सिता कुमारी थापा | ,, | |
| २७ | शुष्मा कुमारी अर्याल | ,, | |
| २८ | बिष्णु कुमारी शर्मा | ,, | |
| २९ | भरत मणी पाण्डे | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

**प्रस्ताव नं.१८.१**

**बिषयः न्यायिक (व्यबस्थापन तथा संचालन) कार्यबिधि-२०७४ सम्बन्धमा ।**

**निर्णय नं १८.१**

नेपालको संबिधानको धारा २१७ र स्थानीय सरकार संचालन ऐन २०७४ले निर्दिष्ट गरे वमोजिमका यस बुटवल उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने मुद्धा मामिला एवं बिबादहरुको निरुपण तथा समाधानका लागि न्यायिक (व्यबस्थापन तथा संचालन) कार्यबिधि आवश्यक भई पारितका लागि कार्यलयबाट आजको बैठकमा प्रस्तावको रुपमा प्रस्तुत हुन आएको हुँदा उक्त कार्यबिधि माथि थप छलफल गर्न मनासिव देखिएकोले नगर कार्यपालिकाबाट गठित बिधेयक समिति मार्फत छलफल गराई आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं १८.२**

**बिषयः STIUEIP परियोजनाको परामर्शदाता नियुक्ति सम्बनधमा ।**

**निर्णय नं १८.२**

STIUEIP मा लामो समयदेखि परामर्शदाता नभएकोले कार्य गर्न कठिनाई भएको सन्दर्भमा परियोजनाबाट प्रकाशित सूचना अनुसार पर्न आएका निवेदनको Detail Evaluation Sheet वमोजिम Team Leader मा सि.नं १.१ का ध्रुव मजगैया Constraction Engineer मा सि.नं २.१ का नारायण के.सी र Electromechanical Engineer मा सि.नं ३ को २ का ध्रुव बहादुर बस्नेत मिति २०७४।११।१७ को बुटवल उप-महानगरपालिकाको मूल्यांकन समितिको बैठकको सिफारिस अनुसार एशियाली विकास बैंक (ADB) बाट सहमति लिने गरी Individual Consultant Hire गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १८.३**

**विषयः टर्मिनल भवन उपलव्ध गराएको सम्बन्धमा ।**

**निर्णय नं १८.३**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५ बुटवल, रुपन्देहीको च.नं ५१ मिति २०७४।११।११ को प्राप्त पत्रानुसार बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको स्वामित्वमा रहेको वडा नं ९ स्थित लुम्बिनी वस टर्मिनल भित्र रहेको नवनिर्मित टर्मिनल भवन बुटवल उप-महानगरपालिकाको मिति २०७४।११।११ को निर्णय वमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तरगतका मन्त्रालयको प्रयोगका लागि अर्को व्यवस्था नभएसम्मको लागि उपलव्ध गराइएको हुदा सो बिषयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १८.४**

**विषयः व्यवसायकर दर्तामा छुट सम्बन्धमा ।**

**निर्णय नं १८.४**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयमा दर्ता नभएका तर आन्तरिक राजश्व कार्यालय, वाणिज्य कार्यालय, घरेलु कार्यालय जस्ता कार्यालयहरुमा दर्ता भई व्यवसाय गरी आएका व्यवसायीहरुलाई करको दायरामा ल्याउनका लागि चालु आर्थिक बर्ष सहित ३ आर्थिक बर्षको व्यवसायकर लिई बाँकी अवधिको व्यवसाय करमा छुट दिने गरी एक पटकका लागि पुन ३० (तिस) दिनको म्याद थप गर्न नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८.५**

**विषयः विविध ।**

**प्रस्ताव नं.१८.५.१**

**बिषय : लुम्बिनी बस टर्मिनल संचालनको ठेक्का रकम हिसाव मिलान सम्वन्धमा ।**

**निर्णय नं. १८.५.१**

बुटवल उप महानगरपालिका द्वारा निर्मित लुम्बिनी बस टर्मिनल संचालन व्यवस्थापन दुई बर्षका लागि मिति २०७३/०५/३१ गते बुटवल उप महानगरपालिका र श्री भिजन मल्टी बिजनेश प्रा.लि. बुटवल १० बिच भएको सम्झौताको बुदां नं.३० मा भएको बिशेष परिस्थितिको व्यवस्था बमोजिम सम्झौताका मितिका दिन देखि २०७४/११/२२ गते सम्म २१ दिन बन्द हडताल भै टर्मिनल संचालन हुन नसकेकोले सम्झौता शर्त बमोजिम २१ दिनको कुल ठेक्का अंकको दामासाहीले हुन आउने रकम रु.६,४२,४४०। सम्वन्धीत संचालक पक्षबाट माग गरेकोले स्थानीय सुरक्षा निकायबाट प्रमाणित भई आएमा उक्त रकम ठेक्का रकममा हिसाव मिलान वा फिर्ता दिने निर्णयका लागि नगर सभामा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.५.२**

**बिषय : हाटबजार संचालनको ठेक्का रकम हिसाव मिलान सम्वन्धमा ।**

**निर्णय नं. १८.५.२**

बुटवल उप महानगरपालिकाद्धारा निर्मित हाटबजार संचालन व्यवस्थापन दुई बर्षका लागि बुटवल उप महानगरपालिका र श्री वातावरण मैत्री नेपाल प्रा.लि. बिच भएको सम्झौताको बुदां नं.१२ बिशेष परिस्थिति बमोजिम सम्झौताका मितिको दिन देखि २०७४/११/२२ गते सम्म १६ दिन बन्द हडताल भै हाटबजार संचालन हुन नसकेकोले सम्झौताको शर्त बमोजिम १६ दिनको कुल रकम रु.२,००,०००। सम्वन्धीत संचालक पक्षबाट फिर्ता माग गरेकोले स्थानीय सुरक्षा निकायबाट प्रमाणित भई आएमा उक्त रकम ठेक्का रकममा हिसाव मिलान वा फिर्ता दिने निर्णयका लागि नगर सभामा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.५.३**

**बिषय : STIUEIP अन्तरगत अटो भिलेज उप आयोजनाको सम्पूर्ण ठेक्का प्रक्रिया रद्ध गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १८.५.३**

अटो भिलेज सम्बन्धी छलफल हुदा दातृ निकाय ADB को मिति 2017-09-13 र 2017-10-17 को पत्र मार्फत लगानी गर्न नसक्ने व्यहोरा प्राप्त भएको र मिति २०७४।११।१० गतेको MPMC को बैठकबाट ठेक्का नं. ICB/STIUEIP/BSM/AV/03 को सम्पूर्ण प्रक्रिया रद्ध गर्ने सिफारिस साथ निर्णय भएकोले एसियाली विकास बैकको सहमति लिने गरी उक्त ठेक्काको सम्पूर्ण प्रक्रिया रद्ध गर्ने निर्णय गरियो । साथै उक्त आयोजनालाई सम्पन्न गर्नका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १८.५.४**

**विषयः करार सेवाका कर्मचारीहरुलाई क्रिया विदा र प्रसुती बिदा सम्बन्धमा ।**

**निर्णय नं १८.५.४**

स्वीकृत दरवन्दी भन्दा बाहिरका करार सेवामा कार्यरत कर्मचारीहरुलाई कुल धर्म अनुसार बढीमा १५ दिन क्रिया बिदा र महिला कर्मचारीहरुलाई ६० दिन प्रसुती बिदा उपलब्ध गराउने र सो अवधिको खाइपाई आएको पारिश्रमिक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं १८.५.५**

**विषयः शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा ।**

**निर्णय नं १८.५.५**

क) बुटवल उप महानगरपालिकाको शहरी स्वास्थ्य केन्द्र वडा नं. १२ रहेको भवनमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्ने ।

(ख) बुटवल उप महानगरपालिका वडा नं. १२ स्थित शहरी स्वास्थ्यकेन्द्र लाई बुटवल उपमहानगरपालिका वडा नं ४, ५ र ६ मा स्थानान्तरण गर्ने ।

(ग) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र संचालन गर्न आवश्यक १० जना कर्मचारी अन्तरवार्ताको माध्यमवाट (समय कम भएकाले १ हप्ताको सुचना प्रकाशित गरी) पदपूर्ति गर्न विज्ञापन गर्ने । साथै मोतिपुर स्वास्थ्य चौकी र लुम्बिनी अंचल आयुर्वेद औषधालयमा ल्याब सेवा संचालन गर्न आवश्यक १/१ जना ल्याव टेक्निसियन एवं शहरी

स्वास्थ्य केन्द्र १ मा रिक्त हे.अ.पदमा पनि विज्ञापन गरी पदपूर्ति गर्ने । शहरी स्वास्थ्य प्रवर्द्धन केन्दमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा नेपाल सरकारको प्रचलित तलवमान बमोजिम हुनेछ ।

(घ) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना र संचालन गर्न तपशिल बमोजिमको अनुमानित कार्यक्रम र खर्च स्वीकृत गरिएको छ । शहरी स्वास्थ्य प्रवर्द्धन केन्द व्यवस्थापन समितिले आवश्यकता महसुस गरेमा स्वीकृत क्रियाकलाप र खर्च संशोधन गर्न सक्ने छ ।

| क्र.स. | क्रियाकलाप | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | तलव | १०,००,०००.०० | नेपाल सरकारको तलवमान बमोजिम |
| २ | बैठक भत्ता | ५०,०००.०० | |
| ३ | अनुगमन निरीक्षण | ७५,०००.०० | |
| ४ | औषधी खरिद | १०,००,०००.०० | |
| ५ | आयुर्वेद औषधी खरिद | २,००,०००.०० | |
| ६ | मेसिनरी औजार एवं सरसामान खरिद | ३,००,०००.०० | |
| ७ | X –ray, USG, ECG आदि खरिद | २५,००,०००.०० | |
| ८ | स्वास्थ्य शिक्षा, सूचना, संचार सामग्री उत्पादन वितरण र प्रशारण | २,००,०००.०० | |
| ९ | योगा हल निर्माण र टस्ट सहित भवन मर्मत | २०,००,०००.०० | |
| १० | नसर्ने रोगको रोकथाम र व्यवस्थापन (PEN Package) संचालन | १,००,०००.०० | |
| ११ | महामारी तथा विपद् व्यवस्थापन र पूर्व तयारी | २,५०,०००.०० | |
| १२ | फोहरमैला व्यवस्थापन | ३,००,०००.०० | |
| १३ | स्वास्थ्य तथा वातावरण प्रवर्द्धन कार्य | १,००,०००.०० | |
| १४ | ल्याव सेवा स्थापना र संचालन | २,००,०००.०० | |
| १५ | पूर्वकर्म /पंचकर्म सेवा संचालन | १,००,०००.०० | |
| १६ | योग संचालन एवं व्यवस्थापन | १,००,०००.०० | |
| १७ | स्वास्थ्य सम्बन्धी पुस्तक एवं पत्रिका खरिद | ५०,०००.०० | |
| १८ | जेष्ठ नागरिक स्वास्थ्य प्रबर्द्धन कार्यक्रम | १,००,०००.०० | |
| १९ | शहरी क्लिनिक (ORC)संचालन र व्यवस्थापन | १,००,०००.०० | |
| २० | कार्यालय संचालन एवं व्यवस्थापन | १,००,०००.०० | |
| २१ | आवश्यक फर्मेट छपाई | १,००,०००.०० | |
| २२ | स्वास्थ्य शिक्षा कार्यक्रम | १,००,०००.०० | |
| २३ | स्वास्थ्य कर्मीहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई तालिम | २,००,०००.०० | |
| २४ | फर्निचर एवं फर्निसिङ | ३,००,०००.०० | कुर्ची, टेवल, दराज, सोफा, बिरामी वेड, कार्पेट आदि |
| २५ | विविध | ३,००,०००.०० | |
| | जम्मा रु | ९८,२५,०००.०० | |

**प्रस्ताव नं १८.५.६**

**विषय: क्षतिपूर्ति वापत सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं १८.५.६**

मिति २०७४।११।०९ को बैठकबाट भएको निर्णय सिफारिस बमोजिम यस कार्यालयको प्रकोप व्यवस्थापन कार्यदलको स्वामित्वमा रहेको भवनको सटर भाडामा लिई व्यवसाय गर्ने रिवाज रेष्टुरेन्ट बुटवल ५ मा आगलागीबाट भएको क्षतिपूर्ति वापत रु.१० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियों ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिदै प्रमुखज्यूबाट बैठक समापन भएको जानकारी भयो ।**